नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११९, ४५११५३७, ४५११५०१
फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
मानभवन काठमाडौं, नेपाल

पत्र संख्या: ०९१/८२
च. नं. :- २४४४

मिति: २०८२/०३/१७

श्री ह्वाइट पिक भेन्चर्स प्रा.लि.,
काठमाडौं, नेपाल।
फोन नः ९८५१३३९१६७

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित तिपगाड खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम निम्न विवरणहरू पैतिस (३५) दिनको समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८२/०३/१६ गतेको निर्णयानुसार जानकारी गराइन्छ।

- प्रस्तावित तिपगाड खोला जलविद्युत आयोजनाको Normal Tail water Level (TWL) 1080.0 masl भन्दा माथि रहने गरी एवं उतर तथा दक्षिण सिमानामा आवश्यक नपर्ने क्षेत्र कटौती गरी निम्न तपशिल-१ को क्षेत्रमा प्रस्ताव गरीएका निम्न विवरणहरू।

  तपशिल-१ :
  Latitude 29° 19' 14" to 29° 20' 06" &
  Longitude 81° 47' 18" to 81° 48' 48"

  - विद्युत नियमावली, २०५० को नियम ४ को अनुसूची-२ को ढाँचामा दरखास्त
  - Desk Study Report (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको),
  - आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरूप (टोपो) नक्शा,
- प्रवर्द्धक कम्पनी सम्बन्धी विवरणहरू
  - प्रवर्द्धक कम्पनी को दर्ताको प्रमाण पत्रको नोटराइज प्रतिलिपि,
  - प्रवर्द्धक कम्पनीको प्रबन्धपत्र, नियमावलीको नोटराइज प्रतिलिपि,
  - प्रवर्द्धक कम्पनीको प्यान दर्ता को नोटराइज प्रतिलिपि,
  - प्रवर्द्धक कम्पनीको शेयरवाला दर्ता किताबको नोटराइज प्रतिलिपि,
- प्रवर्द्धक कम्पनीको आ.व. २०८०/८१ को कर चुक्ता प्रमाण पत्रको नोटराइज प्रतिलिपि,
- प्रवर्द्धक कम्पनी अध्यावधिक सम्वन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्रको नोटराइज प्रतिलिपि,
- प्रवर्द्धक कम्पनीको कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरणहरूको नोटराइज प्रतिलिपि
- प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक/अख्तियारी प्राप्त व्यक्ति, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) सम्बन्धमा संचालक समितिको बैठकको निर्णयको सक्कल वा प्रमाणित प्रति र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्रको नोटराइज प्रति एवं सम्पर्क नं.

- विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू।
- नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको आ.व. २०८०/८१ को कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि,
- परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि,
- परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्रको सक्कल वा नोटराइज प्रतिलिपि (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)।

(सुजन निरौला)
इन्जिनियर